भारतको पहिलो रङ्गीन नेपाली / गोर्खा दैनिक

हिमालय दर्पण

epaper.himalayadarpan.com

# बन्दको विरोधमा व्यापारीहरूलाई अघि आउने मन्त्री अशोकको आह्वान

**सिलगढ़ी, १६ जनवरी (निसं):** घरि घरिको पहाड़ बन्दले पहाड़को सत्यनाश भएको छ भने केही मानिसले प्रतियोगिता गरेर सिलगढ़ी बन्द बोलाएर सत्यनाश गर्ने कार्य गरिरहेको मन्तव्य गर्दै नगर विकास मन्त्री अशोक भट्टाचार्यले यसखाले बन्दको विरोधमा सिलगढ़ीका व्यापारीहरूलाई अघि आउने आह्वान गरे। उनले बंदको विरोधमा सड़कमा ओर्लिने बताए।

भट्टाचार्यले बताए, सिलगढ़ीलाई शेष बनाउन दिइने छैन। यसको लागि सबैलाई अघि आएर बन्दको विरोधमा खड़ा हुने आह्वान नगरविकास मन्त्रीले गरे। एस पी एस र मणि ग्रुपको तत्त्वावधानमा निर्माण गरिने चार तारे होटलको आधारशिला राखेपछि समारोहलाई सम्बोधन गर्दै भट्टाचार्यले भने, यो शहरको भविष्य उज्वल छ। आगामी २२ जनवरी देखि भारत बंगलादेश माझ फूलबारीको बाटो भएर व्यापार शुरू हुनेछ। मेरीयाट र फर्चुन ग्रुपको होटल यहाँ भए शहरको महत्त्व बढ़ेर जानेछ।

एस पी एस ग्रुपका सी इ ओ विपिन बोराले भने यहाँ राम्रो होटलको अभाव छ। यसैले चार तारे होटलको निर्माण गर्ने जमर्को गरेका छौं। एक सय कोठा हुनेछ एवं आगामी दुइ वर्षभित्र निर्माण कार्य पुरा हुनेछ। होटलको निर्माणमा ५० देखि ६० करोड़ रुपियाँ खर्च गरिनेछ।

चार तारे होटल मल्लागढ़ी स्थित पुरानो एन बी टी एस सी डिपोको ८५ कट्ठा जमिनमा गरिनेछ। सभालाई सांसद समन पाठक, डेपुटी मेयर नाण्टु पाल, मणि ग्रुपका सी इ ओ सञ्जय झुनझुनबाला आदिले सम्बोधन गरे।